# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, साउन ३२ गते, २०८० साल

## भाग १

## काठमाडौँ महानगरपालिका अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८०

**प्रस्तावना :**

काठमाडौँ महानगरपालिकामा विक्रम सम्वत् २०६४ असोज मसान्तसम्ममा अस्थायी/करार सेवामा नियुक्ति पाई अविच्छिन्न कार्यरत

रहेका कर्मचारीहरुलाई श्री सर्वोच्च अदालतको आदेशबमोजिम तत्तत् पदमा सीमित प्रतियोगिताको माध्यमद्वारा स्थायी गर्न कानुनी व्यवस्थाको प्रबन्ध गर्न बाञ्छनीय भएकोले काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"अस्थायी/करार कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८०"** हुनेछ ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **'कर्मचारी'** भन्नाले सम्वत् २०६४ असोज मसान्तसम्म काठमाडौँ महानगरपालिकाको अस्थायी वा करार सेवामा नियुक्त भई सोही पदमा अविच्छिन्न रूपमा कार्यरत (हाल काठमाडौँ महानगरपालिकामा समायोजन भएका सोही प्रकृतिका कर्मचारीसमेत) कर्मचारी सम्झनुपर्छ ।

(ख) **'कार्यपालिका'** भन्नाले काठमाडौँ महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) **'महानगरपालिका'** भन्नाले काठमाडौँ महानगरपालिका सम्झनुपर्छ ।

(घ) **'समिति'** भन्नाले दफा ३ बमोजिमको समिति सम्झनुपर्छ ।

३. **<u>अदालतको आदेश कार्यान्वयन</u>** : (१) महानगरपालिकाले सम्मानित श्री सर्वोच्च अदालत, संवैधानिक इजलासको मिति २०७४।९।२१, ऋचा उप्रेती विरुद्ध मन्त्रीपरिषद, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, विषय : उत्प्रेषण, ०६९-WO-००६१ मा भएको आदेशबमोजिम सम्वत् २०६४ असोज मसान्तसम्म काठमाडौं महानगरपालिकामा अस्थायी र करार सेवामा नियुक्त भई सोही पदमा हालसम्म अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरुको सेवा सीमित प्रतियोगिताबाट स्थायी गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको सेवा स्थायी गर्ने प्रक्रिया सम्पादन गर्न महानगरपालिकामा एक पदपूर्ति समिति गठन हुनेछ । उक्त समितिले गठन भएको मितिले ३ महिना भित्रमा कार्यसम्पन्न गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :

(१) कार्यपालिकाले तोकेको विशिष्ट श्रेणी वा प्रथम श्रेणीको सेवाबाट सेवानिवृत्त कर्मचारी - अध्यक्ष

(२) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(३) प्रदेश लोकसेवा आयोगको प्रतिनिधि - सदस्य

(४) महानगरपालिकाले तोकेको विभागीय प्रमुख स्तरको कर्मचारी - सदस्य

(५) प्रशासन विभाग प्रमुख - सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको पदपूर्ति समितिको अध्यक्ष तथा सदस्य एक महिनाभित्र तोकिसक्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैँ निर्धारण गर्नेछ ।

४. **परीक्षा विधि** : यस कार्यविधिबमोजिम सम्वत् २०६४ असोज मसान्तसम्म नियुक्त भई हालसम्म अविच्छिन्न रूपमा महानगरपालिकामा अस्थायी करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा स्थायी गर्न समितिले सेवा, समूह र पदका लागि आवश्यकता र उपयुक्तताका आधारमा लिखित, मौखिक र प्रयोगात्मक परीक्षा विधि छनौट गरी अवलम्बन गर्न सक्नेछ ।

५. **विशेष सुविधा** : महानगरपालिकाले सञ्चालन गर्ने यस कार्यविधि बमोजिमको सीमित प्रतियोगितामा सहभागी हुन अनिच्छुक कर्मचारीहरुलाई काठमाडौं महानगरपालिकाको कर्मचारी सेवा ऐन, २०७७ बमोजिमको विशेष सुविधा उपलब्ध गराउन सक्नेछ ।

६. **समितिको विघटन** : दफा ३ बमोजिम गठित समिति यो कार्यविधि बमोजिमको कार्यसम्पन्न गरेपश्चात् स्वतः विघटन हुनेछ ।

७. **बाधा अड्काउ फुकाउ** : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले फुकाउन सक्नेछ ।

स्वीकृत मिति : २०८०/०४/३२

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**